# राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४

*(मिति २०७४ साल कार्तिक मसान्तसम्म भएका संशोधन समेत मिलाइएको)*

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

**नेपाल सरकार**

## कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

सिंहदरबार

# राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४

प्रमाणीकरण र प्रकाशन मिति
२०७४।०६।२७

संवत् २०७४ सालको ऐन नं. २३

राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २९६ को उपधारा (१) बमोजिमको व्यवस्थापिका-संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "राष्ट्रपति तथा उपराष्ट्रपतिको निर्वाचन सम्बन्धी ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "अदालत" भन्नाले सर्वोच्च अदालत सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "उपराष्ट्रपति" भन्नाले संविधानको धारा ६७ बमोजिमको नेपालको उपराष्ट्रपति सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनका लागि उम्मेदवार हुन मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(च) "निर्वाचक मण्डल" भन्नाले दफा ३ बमोजिमको निर्वाचक मण्डल सम्झनु पर्छ ।

(छ) "निर्वाचन" भन्नाले राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचन सम्झनु पर्छ ।

(ज) "निर्वाचन अधिकृत" भन्नाले दफा ७ बमोजिम नियुक्त निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँ छ ।

(झ) "निर्वाचन प्रतिनिधि" भन्नाले दफा २७ बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधि सम्झनु पर्छ ।

(ञ) "प्रदेश सभा" भन्नाले संविधानको धारा १७६ बमोजिम गठन भएको प्रदेश सभा सम्झनु पर्छ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ट) “मतदाता” भन्नाले दफा ३ को उपदफा (३) बमोजिमको मतदाता नामावलीमा नाम रहेका व्यक्ति सम्झनु पर्छ ।

(ठ) “मतदान अधिकृत” भन्नाले दफा १० बमोजिम नियुक्त मतदान अधिकृत सम्झनु पर्छ ।

(ड) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँ छ ।

(ढ) “मतपेटिका” भन्नाले मत सङ्केत गरेको मतपत्र राख्नको लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँ छ ।

(ण) “राष्ट्रपति” भन्नाले संविधानको धारा ६१ बमोजिमको नेपालको राष्ट्रपति सम्झनु पर्छ ।

(त) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

(थ) “सङ्घीय संसद” भन्नाले संविधानको धारा ८४ बमोजिम गठन भएको प्रतिनिधि सभा र धारा ८६ बमोजिम गठन भएको राष्ट्रिय सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## निर्वाचक मण्डल तथा निर्वाचन कार्यक्रम

३. निर्वाचक मण्डल : (१) निर्वाचन प्रयोजनको लागि सङ्घीय संसदका सदस्य र प्रदेश सभाका सदस्य मतदाता रहेको निर्वाचक मण्डल रहनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सङ्घीय संसद वा प्रदेश सभाको कुनै सदस्यको पद रिक्त रहेको वा कुनै प्रदेश सभाको निर्वाचन नभएको कारणले मात्र निर्वाचक मण्डल गठन गर्न बाधा पुग्ने छैन ।

(३) उपदफा (१) को प्रयोजनको लागि आयोगले निर्वाचक मण्डलमा तत्काल कायम रहेका सदस्यको नाम समावेश गरी तोकिए बमोजिम मतदाता नामावली तयार गरी प्रकाशन गर्नेछ ।

४. राष्ट्रपतिको निर्वाचन मिति तोक्ने : (१) आयोगले राष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटक हुने निर्वाचनको हकमा सङ्घीय संसद र प्रदेश सभाको गठन भएको एक महिनाभित्र निर्वाचन हुने गरी आयोगले निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (१) र (२) बमोजिम राष्ट्रपतिको निर्वाचन हुने मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

५. उपराष्ट्रपतिको निर्वाचन मिति तोक्ने : (१) आयोगले उपराष्ट्रपतिको पदावधि सकिनुभन्दा कम्तीमा एक महिनाअघि वा अन्य कुनै कारणले सो पद रिक्त हुन आएमा त्यस्तो पद रिक्त भएको मितिले एक महिनाभित्र निर्वाचन हुने गरी निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ भएपछि पहिलो पटक हुने निर्वाचनको हकमा वा राष्ट्रपति र उपराष्ट्रपतिको पद एकै पटक रिक्त भएको वा हुने अवस्थामा राष्ट्रपतिको निर्वाचन भई परिणाम घोषणा भएको सात दिनभित्र आयोगले निर्वाचनको मिति तोकी सोको जानकारी नेपाल सरकारलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम राष्ट्रपतिको निर्वाचन हुने मिति तोकिएको सूचना नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

६. निर्वाचन कार्यक्रमको सूचना : (१) दफा ४ वा ५ बमोजिम निर्वाचनको मिति तोकिएको सूचना प्रकाशन भएपछि आयोगले निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रममा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्ने, उम्मेदवारको विरोधमा उजुरी दिने, मनोनयनपत्र जाँच गर्ने, मनोनयन भएको उम्मेदवारको नामावली प्रकाशन गर्ने, उम्मेदवारले नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्ने र मतदान गर्ने मिति, समय र स्थान उल्लेख गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिमको निर्वाचन कार्यक्रम नेपाल राजपत्रमा प्रकाशन गरिनेछ ।

(४) उपदफा (१) बमोजिम निर्वाचन आयोगले प्रकाशन गरेको निर्वाचन कार्यक्रम बमोजिमको सूचना सम्बन्धित निर्वाचन अधिकृतले निर्वाचन अधिकृतको कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम प्रकाशन गर्दा उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि निर्वाचन प्रचार प्रसारको लागि बढीमा पन्ध्र दिनको अवधि रहने गरी प्रकाशन गर्नु पर्नेछ ।

## परिच्छेद-३

## निर्वाचन अधिकृत, मतदान अधिकृत र अन्य कर्मचारी

७. निर्वाचन अधिकृतको नियुक्ति : संविधान, यो ऐन तथा प्रचलित सङ्घीय कानून बमोजिम निर्वाचनमा सम्पादन गर्नु पर्ने कामको लागि आयोगले न्याय परिषद्को परामर्शमा उच्च अदालतको न्यायाधीशलाई निर्वाचन अधिकृत नियुक्त गर्नेछ ।

८. निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार : (१) आयोगको निर्देशनको अधीनमा रही स्वच्छ, निष्पक्ष र स्वतन्त्र रुपमा निर्वाचन गर्नु, गराउनु निर्वाचन अधिकृतको कर्तव्य हुनेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचनको काम गर्न खटाएको कर्मचारीलाई आवश्यकता अनुसार आफ्नो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

तर मनोनयनपत्र जाँच्ने, मनोनयन पत्र सदर वा बदर गर्ने र मतगणनाको अन्तिम परिणाम घोषणा गर्ने अधिकार प्रत्यायोजन गर्न सकिने छैन ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) निर्वाचन अधिकृतले नेपाल सरकारका कर्मचारीलाई निर्वाचन सम्बन्धी कुनै काममा खटाउन वा लगाउन सक्नेछ ।

(४) निर्वाचन अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

९. सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको नियुक्ति : (१) निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको सङ्ख्यामा सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(२) निर्वाचन अधिकृतको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा रही निर्वाचन सम्बन्धी काम गर्नु सहायक निर्वाचन अधिकृत र अन्य कर्मचारीको कर्तव्य हुनेछ ।

१०. मतदान अधिकृतको नियुक्ति : (१) निर्वाचन अधिकृतले नेपाल सरकारका कर्मचारीलाई मतदान अधिकृतमा नियुक्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त मतदान अधिकृतले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा जारी भएको आदेशले तोके बमोजिमको मतदान गराउने सम्बन्धी सम्पूर्ण काम स्वच्छ, निष्पक्ष र स्वतन्त्र रूपमा सम्पन्न गराउनु पर्नेछ ।

(३) मतदान अधिकृतको अन्य काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद-४

## उम्मेदवार तथा मनोनयनपत्र

११. उम्मेदवारको योग्यता : निर्वाचनमा उम्मेदवार हुन कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) वंशजको आधारमा नेपाली नागरिक भएको,

(ख) कम्तीमा पैंतालीस वर्ष उमेर पूरा भएको,

(ग) कुनै गाउँपालिका वा नगरपालिकाको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको,

(घ) कुनै सङ्घीय कानूनले अयोग्य नभएको,

(ङ) कुनै लाभको पदमा बहाल नरहेको ।

स्पष्टीकरण : खण्ड (ङ) को प्रयोजनका लागि "लाभको पद" भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पद बाहेक सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ ।

१२. उम्मेदवारको अयोग्यता : यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन अयोग्य मानिनेछ :-

(क) दफा ११ बमोजिमको योग्यता नभएको,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहमा वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको,

(ग) निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको,

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(घ) भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरण सम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्म कैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको,

(ङ) सङ्गठित अपराध सम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यान सम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(च) जातीय भेदभाव तथा छुवाछुत, बोक्सा बोक्सी वा बहुविवाह सम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको,

(छ) खण्ड (घ) र (ङ) मा उल्लिखित कसूर बाहेक अन्य कसूरमा पाँच वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको,

(ज) प्रचलित कानून बमोजिम कालो सूचीमा रहेकोमा सो अवधिभर,

(झ) कैदमा बसेकोमा कैद बसेको अवधिभर,

(ञ) मानसिक सन्तुलन ठीक नभएको ।

१३. उम्मेदवारको अयोग्यता सम्बन्धी निर्णय गर्ने : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको लागि उम्मेदवारीको मनोनयन दर्ता भइसकेको तर निर्वाचन परिणाम घोषणा भई नसकेको अवस्थामा कुनै उम्मेदवार अयोग्य छ वा हुन गएको छ भन्ने कसैलाई लागेमा सो विषयमा स्पष्ट प्रमाण सहित सम्बन्धित निर्वाचन अधिकृत मार्फत आयोग समक्ष उजुरी दिन सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवारलाई सात दिनको म्याद दिई त्यस सम्बन्धमा स्पष्टीकरण माग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम स्पष्टीकरण प्राप्त भएपछि वा म्यादभित्र स्पष्टीकरण प्राप्त नभएमा सोही व्यहोरा उल्लेख गरी निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम परेको उजुरी र तत्सम्बन्धी कागजात यथाशीघ्र आयोगमा पठाउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम उजुरी सहितका कागजात प्राप्त भएपछि आयोगले चाहेमा सो विषयमा सम्बन्धित उम्मेदवारसँग बुझ्न वा थप प्रमाण माग गर्न सक्नेछ ।

(५) आयोगले उपदफा (३) बमोजिम निर्वाचन अधिकृतबाट प्राप्त उजुरी सहितका कागजात जाँचबुझ गरी उजुरी प्राप्त भएको मितिले सात दिनभित्र उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गरिसक्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम उम्मेदवारको अयोग्यता सम्बन्धमा निर्णय गर्दा अपनाउनु पर्ने कार्यविधि आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोगले कुनै उम्मेदवारको अयोग्यताका सम्बन्धमा यस दफा बमोजिम निर्णय गरी नसकेको कारणबाट मात्र त्यस्तो निर्वाचनको काम कारबाहीमा कुनै असर पर्ने छैन ।



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

१४. पद मुक्त हुने : (१) राष्ट्रपति वा उपराष्ट्रपतिको पदमा निर्वाचित कुनै व्यक्ति दफा १२ बमोजिम अयोग्य रहेको अदालतबाट ठहर भएमा निज त्यस्तो पदबाट मुक्त हुनेछ ।

(२) उपदफा (१) बमोजिम पद मुक्त भएको जानकारी आयोगले सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम राष्ट्रपति वा उपराष्ट्रपति पदमुक्त भएको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

१५. उम्मेदवारको उमेरको गणना : निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवारको उमेरको गणना गर्दा उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने दिनसम्ममा पैंतालीस वर्ष उमेर पूरा गरेको हुनु पर्नेछ ।

१६. उम्मेदवारको मनोनयन : (१) दफा १२ बमोजिम अयोग्यता नभएको व्यक्तिलाई निर्वाचनमा उम्मेदवार मनोनयन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार मनोनयन गर्दा दफा ३ को उपदफा (३) बमोजिमको मतदाता नामावलीमा नाम समावेश भएका पाँच जना प्रस्तावक र पाँच जना समर्थक हुनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम कुनै व्यक्तिलाई प्रस्ताव गरिएको अवस्थामा निजले मनोनयनपत्रमा आफ्नो मञ्जुरी लेखी सहीछाप गर्नु पर्नेछ ।

(४) कुनै व्यक्तिलाई निर्वाचनको लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम उपराष्ट्रपति पदको लागि उम्मेदवार मनोनयन गर्दा राष्ट्रपति पदमा निर्वाचित व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनको लागि “समुदाय” भन्नाले दलित, आदिवासी जनजाति, खस आर्य, मधेसी, थारू वा मुस्लिम समुदाय सम्झनु पर्छ ।

(६) यस ऐन बमोजिम निर्वाचित उपराष्ट्रपति बहाल रहेको अवस्थामा राष्ट्रपति पदको लागि निर्वाचन हुने भएमा सो पदको लागि उम्मेदवार मनोनयन गर्दा उपराष्ट्रपति पदमा बहाल रहेको व्यक्ति जुन लिङ्ग वा समुदायको हो सोभन्दा फरक लिङ्ग वा समुदायको व्यक्तिलाई मनोनयन गर्नु पर्नेछ ।

१७. उम्मेदवारको मनोनयन दर्ता : (१) उम्मेदवारको मनोनयनपत्र उम्मेदवार आफैँले वा निजको प्रतिनिधि वा प्रस्तावक वा समर्थकले सम्बन्धित निर्वाचन अधिकृत समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश भएको मनोनयनपत्र सम्बन्धित निर्वाचन अधिकृतले यस ऐन बमोजिम रीतपूर्वकको भए नभएको जाँचबुझ गरी रीतपूर्वकको भए दर्ता गरी सोको निस्सा मनोनयनपत्र दर्ता गर्न ल्याउने व्यक्तिलाई दिनु पर्नेछ ।

(३) कसैले प्रस्तावक वा समर्थक नभएको, प्रस्तावक वा समर्थक दोहोरिएको, प्रस्तावक, समर्थक वा उम्मेदवार हुने व्यक्तिको सहीछाप नभएको वा अन्य रीत नपुगेको मनोनयनपत्र दर्ता गर्न ल्याएमा निर्वाचन अधिकृतले रीत नपुगेको जति कुरा सच्याउन लगाई त्यस्तो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ । कसैले यसरी रीत नपुगेको कुरा नसच्याई मनोनयनपत्र दर्ता गराउन चाहेमा सोही व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(४) मनोनयनपत्रसाथ पेश गर्नु पर्ने अन्य कागजात तोकिए बमोजिम हुनेछ ।

(५) निर्वाचन अधिकृतले मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएको उम्मेदवारको सूची प्रकाशन गर्नेछ ।

१८. दाबी विरोध गर्न सक्ने : दफा १७ बमोजिम मनोनयनपत्र दर्ता भएको कुनै उम्मेदवारको योग्यताको सम्बन्धमा दाबी विरोध गर्न चाहने उम्मेदवार वा निजको प्रतिनिधिले निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजुरी दिन सक्नेछ ।

१९. मनोनयनपत्रको जाँच : (१) दफा १७ बमोजिम दर्ता भएको मनोनयनपत्र जाँच गर्दा निर्वाचन कार्यक्रमको सूचनामा तोकिएको मिति, समय र स्थानमा उम्मेदवार, निजको प्रतिनिधि, प्रस्तावक वा समर्थकमध्ये एक जना उपस्थित हुनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिको उपस्थितिमा सम्पूर्ण उम्मेदवारको मनोनयनपत्र जाँच गर्नु पर्नेछ ।

तर त्यसरी उपस्थित हुनु पर्ने कुनै उम्मेदवार, निजको प्रतिनिधि, प्रस्तावक वा समर्थक उपस्थित नभएमा पनि मनोनयनपत्र जाँच गर्न र सो विषयमा कानून बमोजिम निर्णय गर्न यस उपदफाले बाधा पुऱ्याएको मानिने छैन ।

(३) निर्वाचन अधिकृतले उपदफा (२) बमोजिम उम्मेदवारको मनोनयनपत्र जाँच गर्दा दफा १८ बमोजिम कुनै उम्मेदवारको विरोधमा उजुरी परेको भएमा सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ ।

(४) देहायको अवस्थामा निर्वाचन अधिकृतले यस दफा बमोजिम गर्नु पर्ने मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित गर्न सक्नेछ र यसरी मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित भएको जानकारी आयोगलाई दिनु पर्नेछ :-

(क) मनोनयनपत्र जाँच गर्ने समयमा सो स्थानमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भएमा,

(ख) प्राकृतिक विपद्को कारणले काबू बाहिरको परिस्थिति उत्पन्न भएमा ।

(५) उपदफा (४) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारबाही स्थगित भएमा आयोगले कुनै निर्देशन दिएको भए सो समेतको आधारमा निर्वाचन अधिकृतले समय र स्थान तोकी यथासम्भव छिटो मनोनयनपत्रको जाँच गर्नु पर्नेछ ।

(६) मनोनयनपत्रको जाँच सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२०. मनोनयनपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) संविधान र यस ऐन बमोजिम उम्मेदवारको योग्यता नभएमा,

(ख) उम्मेदवार हुने व्यक्तिको मञ्जुरी नभएमा वा निज वा निजको प्रस्तावक र समर्थकको सहीछाप नभएमा वा कीर्ते सहीछाप भएमा,

(ग) दफा ६ को उपदफा (२) बमोजिम तोकिएको समयभित्र मनोनयनपत्र दर्ता नभएमा,

(घ) दफा १६ र १७ मा लेखिए बमोजिम मनोनयनपत्र दाखिला नभएमा,

(ङ) यस ऐन बमोजिम अन्य रीत नपुगेको भएमा ।

२१. उम्मेदवारको नामावली : निर्वाचन अधिकृतले मनोनयनपत्र जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारको नामावली तयार गरी सोको एक प्रति आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

२२. नाम फिर्ता लिने : (१) कुनै उम्मेदवारले उम्मेदवारको नामावलीबाट आफ्नो नाम हटाउनको लागि नाम फिर्ता लिन चाहेमा दफा ६ को उपदफा (२) बमोजिम तोकिएको समयभित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैले वा निजको प्रतिनिधिले दाखिला गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिला भैसकेपछि त्यस्तो सूचना बदर गर्न वा फिर्ता लिन पाइने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम दाखिला भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत विश्वस्त भएमा त्यस्तो उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनु पर्नेछ । यसरी नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

२३. उम्मेदवारको अन्तिम नामावली : (१) दफा ६ को उपदफा (२) बमोजिम नाम फिर्ता लिन तोकिएको समय समाप्त भएपछि निर्वाचन अधिकृतले बाँकी रहेका उम्मेदवारको नामावली तयार गरी एक प्रति तुरुन्त आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ र त्यसको एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नामावलीमा उम्मेदवारको नाम नेपाली वर्णानुक्रम अनुसार क्रमश: लेखिनेछ ।

२४. निर्विरोध निर्वाचित : दफा २३ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन गर्दा राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनका लागि एकजना मात्र उम्मेदवार कायम हुन आएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्विरोध निर्वाचित भएको भनी तोकिए बमोजिम घोषणा गर्नेछ ।

२५. उम्मेदवारको मृत्यु भएमा : (१) दफा २३ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनुअघि वा प्रकाशन भई सकेपछि कुनै उम्मेदवारको मृत्यु भई सोको लिखित सूचना निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिबाट प्राप्त भएमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निर्वाचन अधिकृतले त्यस्तो निर्वाचनसँग सम्बन्धित बाँकी कार्यक्रम तुरुन्त स्थगित गरी सोको जानकारी आयोगलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यक्रम स्थगित भएको सूचना अन्य उम्मेदवार समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भएमा आयोगले उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनुअघि उम्मेदवारको मृत्यु भएकोमा त्यस्तो निर्वाचनको मतदानको कार्यक्रममा असर नपर्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी कार्यक्रम र उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मृत्यु भएकोमा मतदान गर्ने मिति लगायत यस परिच्छेद बमोजिमको अन्य कार्यक्रम पुन: निर्धारण गरी निर्वाचन अधिकृतलाई पठाउनु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि उम्मेदवारको मृत्यु भई निर्वाचनको कार्यक्रम स्थगित भएकोमा दफा ६ को उपदफा (२) बमोजिमको निर्वाचन कार्यक्रममा लेखिए बमोजिमको काम सम्पन्न गर्नु पर्ने अवधि दश दिनभन्दा बढी भएमा पुन:

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

अर्को कार्यक्रम प्रकाशन गर्नु पर्ने छैन र सोही कार्यक्रमको समयावधिभित्र मतदानको काममा बाधा नपुग्ने गरी उम्मेदवारको मनोनयन सम्बन्धी काम पूरा गर्नु पर्ने गरी निर्वाचन कार्यक्रम निर्धारण गर्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम निर्वाचन कार्यक्रम स्थगित भएकोमा पहिले मनोनयनपत्र पेश गरेको उम्मेदवारले पुन: मनोनयनपत्र दाखिला गर्नु पर्ने छैन ।

२६. उम्मेदवारको परिचयपत्र : दफा २३ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेको उम्मेदवारलाई निर्वाचन अधिकृतले आयोगले तोके बमोजिमको परिचयपत्र दिनेछ ।

## परिच्छेद-५

## उम्मेदवारको प्रतिनिधि

२७. निर्वाचन प्रतिनिधि : (१) उम्मेदवारले कुनै व्यक्तिलाई निर्वाचनको लागि आफ्नो निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सोको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त भएको निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै बखत बदर गरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी अर्को निर्वाचन प्रतिनिधि नियुक्त गरेको लिखित सूचना सम्बन्धित निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(३) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा निर्वाचन प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख गरे बमोजिमको काम गर्नु उपदफा (१) बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिको कर्तव्य हुनेछ ।

(४) निर्वाचन प्रतिनिधिको योग्यता तोकिए बमोजिम हुनेछ ।

२८. मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि : (१) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले प्रत्येक मतदान केन्द्रको लागि तोकिए बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतदान प्रतिनिधि नियुक्त गरेको लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणना स्थलमा उपस्थित रहन तोकिए बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ र त्यसरी मतगणना प्रतिनिधि नियुक्त गरेको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई र अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(५) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नु पर्ने भनी उल्लेख भएका काम गर्नु उपदफा (१) वा (२) बमोजिम नियुक्त मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

(६) मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको सङ्ख्या र योग्यता तोकिए बमोजिम हुनेछ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालय

२९. उम्मेदवार वा कुनै प्रतिनिधि अनुपस्थित रहेमा : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त नभएमा वा उम्मेदवार वा निजको कुनै प्रतिनिधि उपस्थित रहनु पर्ने अवस्थामा उपस्थित नरहेमा वा निजहरूमध्ये कसैले गर्नु पर्ने काम नगरेमा सोही कारणले मात्र मतदान, मतगणना वा निर्वाचनको परिणामको घोषणाको काम रोकिने छैन र त्यस्तो काम कानून बमोजिम भएको मानिनेछ ।

## परिच्छेद-६

## मतदान केन्द्र तथा मतदान

३०. मतदान केन्द्र : (१) निर्वाचनका लागि आयोगले तोकेको स्थानमा मतदान केन्द्र रहनेछ ।

(२) मतदान केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३१. मतपत्र : (१) आयोगले निर्वाचनका लागि मतपत्रको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतपत्रमा नेपाली वर्णानुक्रम अनुसार उम्मेदवारको नाम क्रमश: समावेश गर्नु पर्नेछ ।

३२. मतपेटिका तथा अन्य निर्वाचन सामग्री : (१) मतदानको लागि आयोगले तोके बमोजिमको मतपेटिका तथा निर्वाचन सामग्री प्रयोग गरिनेछ ।

(२) मतपेटिका तथा अन्य निर्वाचन सामग्री व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

३३. मतदानको समय : मतदान हुने मितिमा मतदान गर्ने समय दफा ६ को उपदफा (२) बमोजिमको सूचनामा तोके बमोजिम हुनेछ ।

३४. मतदान : (१) मतदाताले आफूलाई तोकिएको मतदान केन्द्रमा मतदान गर्नु पर्नेछ ।

(२) मतदाताले मतदान गर्न तोकिए बमोजिम मतपत्र लिई सोको लागि राखिएको मतपेटिकामा मतदान गर्नु पर्नेछ ।

(३) मतदाताले आफ्नो नामबाट बाहेक अन्य कुनै व्यक्तिको नामबाट मतदान गर्न पाउने छैन ।

(४) कुनै पनि मतदाताले एउटै निर्वाचनमा एकभन्दा बढी पटक वा एकभन्दा बढी मतदान केन्द्रमा मतदान गर्न पाउने छैन ।

(५) कुनै पनि मतदाताले मतदानको अवधिभर आफूले कसलाई मतदान गरेको हो भन्ने व्यहोरा कुनै पनि माध्यमबाट कसैलाई पनि प्रकट गर्नु हुँदैन ।

३५. मतदानको प्रकृया : (१) मतदान केन्द्रमा मतदानको लागि उपस्थित मतदातालाई मतदान अधिकृतले तोकिए बमोजिमको रीत पुऱ्याई मतपत्र दिनेछ ।

(२) मतदातालाई मतपत्र दिनुअघि मतदान अधिकृतले मतदाता नामावलीमा तोकिए बमोजिमको व्यहोरा जनाई तोकिए बमोजिम मतपत्र दिनेछ ।

(३) मतदाताले मतपत्रमा तोकिए बमोजिमको छाप वा चिन्ह गोप्य तवरले लगाई मतदान गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(४) मतदाताले यस ऐन बमोजिम मतदान गर्दा मतपत्रमा आफूले रोजेको कुनै एक जना उम्मेदवारको कोठामा उपदफा (३) बमोजिमको छाप वा चिन्ह लगाई तोकिए बमोजिम मतपेटिकामा खसाली मतदान गर्नु पर्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मतदान गर्ने प्रयोजनको लागि विद्युतीय उपकरण प्रयोग गरिएको अवस्थामा मतदाताले तोकिए बमोजिम विद्युतीय उपकरणद्वारा मतदान गर्नु पर्नेछ ।

३६. नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने : (१) कुनै मतदाता वा व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार, निजको प्रतिनिधि वा सोही मतदान केन्द्रको कुनै मतदाताले एक सय रुपैयाँ धरौटी राखी मतदान अधिकृत समक्ष विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विरोध भएमा मतदान अधिकृतले त्यस सम्बन्धमा आवश्यक कुरा बुझी तत्काल निर्णय गर्नु पर्नेछ र यसरी पर्न आएको विरोध र त्यसको निर्णय आयोगले तोके बमोजिमको निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम विरोध ठीक ठहरेमा मतदान अधिकृतले त्यस्तो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिनेछ र विरोध गलत देखिएमा त्यस्तो धरौटी रकम जफत हुनेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा त्यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन कसूर तथा सजाय सम्बन्धी सङ्घीय कानून बमोजिम जरिबाना गर्नेछ ।

३७. विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने : (१) मतदान केन्द्रमा कुनै असामान्य परिस्थिति उत्पन्न भई वा कुनै कारणले विद्युतीय उपकरण सञ्चालन हुन नसकी वा उपद्रव वा प्राकृतिक विपत्ति वा आफ्नो काबू बाहिरको कुनै कारणले मतदानको काम हुन नसक्ने कुरामा सो मतदान केन्द्रमा नियुक्त मतदान अधिकृत विश्वस्त भएमा निजले सो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र सोको सूचना सोही स्थानमा प्रकाशन गर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरेको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले तुरुन्त आयोगलाई दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिमको जानकारी प्राप्त गरेपछि आयोगले अन्यथा निर्देशन दिएमा बाहेक निर्वाचन अधिकृतले पुनः मतदान हुने मिति र समय तोकी सूचना प्रकाशित गरी पुनः मतदान गराउनेछ ।

३८. मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरू बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालक,

(च) दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदान केन्द्रको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्ति वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन ।

(३) मतदान केन्द्रमा प्रवेश गरिसकेका मतदान गर्न बाँकी मतदाता बाहेक मतदानको समय समाप्त भएपछि अन्य मतदाताले मतदान केन्द्रमा प्रवेश गर्न वा त्यहाँ रहन पाउने छैन ।

३९. अशक्त मतदाता : दृष्टिविहीन, शारीरिक अशक्तता वा अरु कुनै कारणवश कुनै मतदाता आफैंले मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पु¥याउन आफ्नो एकाघरको परिवारको सदस्यलाई साथमा लैजान अनुमति मागेमा वा मत सङ्केत गर्ने काममा सहयोग पु¥याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा परिचय खुल्ने प्रमाणको आधारमा परिवारको त्यस्तो सदस्यलाई मतदाताको साथमा मत सङ्केत गर्ने स्थानमा प्रवेश गर्न अनुमति दिन वा मतदान अधिकृतले मतदाताको इच्छा अनुसार निजको मतपत्रमा मत सङ्केत गरिदिन सक्नेछ ।

४०. निरीक्षण गर्न सक्ने : कुनै मतदाता मत सङ्केत गर्ने स्थानमा मनासिब समयभन्दा बढी समयसम्म बसेमा वा मतदान अधिकृतलाई कुनै शङ्का लागेमा निजले मत सङ्केत गर्ने स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ ।

४१. मतदान केन्द्रको अनधिकृत कब्जा : (१) देहायको अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी, डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा, कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा, धम्की दिएमा, मतदान गर्नको लागि बाटो वा गौंडा छेकी रोकेमा, मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा, निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले वा आयोगबाट कुनै निर्देशन प्राप्त भएमा निर्वाचन अधिकृतले आयोगको निर्देशन बमोजिम उपदफा (१) बमोजिमको

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

घटनाको जाँच गर्न सक्नेछ र त्यस्तो जाँचको प्रतिवेदनको आधारमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा समेत तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

४२. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा वा मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाई सकेको मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा, जानीजानी तोडफोड गरी नोक्सान गरिएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गरी त्यसको प्रतिवेदन आयोगमा दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुन: मतदान गर्ने मिति र समय तोकी सोको सूचना त्यस्तो मतदान केन्द्रमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

४३. मतपेटिका बन्द गर्ने : मतदान समाप्त भएपछि मतदान अधिकृतले मतदान गरिएको मतपत्र राखिएको मतपेटिका आयोगले तोके बमोजिमको रीत पुर्‍याई बन्द गर्नु पर्नेछ ।

४४. मतपेटिका निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्ने : मतदान अधिकृतले मतदानको लागि प्रयोग गरिएको मतपेटिका सुरक्षित रूपमा निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ ।

## परिच्छेद-७

## मतगणना र निर्वाचन परिणाम

४५. निर्वाचन अधिकृतले मतगणना गर्नु, गराउनु पर्ने : निर्वाचन अधिकृतले निर्वाचनको मतगणना गर्ने काम आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा गर्नु, गराउनु पर्नेछ ।

४६. मतगणनाको सूचना : निर्वाचन अधिकृतले सबै मतदान केन्द्रबाट मतपत्र रहेका मतपेटिका प्राप्त गरेपछि मतगणना गर्ने स्थान, मिति र समयको सूचना उम्मेदवारहरूको जानकारीको लागि प्रकाशन गर्नु पर्नेछ ।

४७. मतगणना : (१) निर्वाचन अधिकृतले दफा ४६ बमोजिमको सूचनामा उल्लेख गरिएको स्थान, मिति र समयमा तोकिए बमोजिम मतगणना प्रारम्भ गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतगणना गर्ने स्थान, मिति र समयमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित रहन सक्नेछन् ।

(३) मतगणना गर्दा सङ्घीय संसदका सदस्यले दिएको मत र प्रदेश सभाका सदस्यले दिएको मत छुट्टाछुट्टै गणना गर्नु पर्नेछ ।

४८. मतगणना गर्ने स्थानमा प्रवेश : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहायका व्यक्ति बाहेक अरु कसैलाई प्रवेश गर्न दिने छैन :-

(क) उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,



कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(ख) मतगणनाको काममा खटिएका कर्मचारी,

(ग) आयोगबाट अनुगमन वा अन्य प्रयोजनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(घ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) सुरक्षाको लागि खटिएका कर्मचारी,

(च) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतगणना स्थलको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक कुनै प्रकारको हतियार साथ लिएको व्यक्ति वा मादक पदार्थ सेवन गरेको व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिने छैन ।

(३) मतगणना गर्ने काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ र त्यस्तो आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ ।

४९. मतगणना लगातार गर्ने : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गरेपछि मतगणना समाप्त नभएसम्म सो मतगणनाको काम लगातार गर्नु पर्नेछ ।

(२) काबुबाहिरको परिस्थिति परी मतगणनाको काम बीचैमा रोक्नु परेमा निर्वाचन अधिकृतले गणना गरिसकेका मतपत्र, मतगणना अभिलेख, मतगणना गर्न बाँकी रहेका मतपत्र र मतगणना गर्न बाँकी मतपेटिकाको लगत समेत अलगअलग खाम, थैलो वा बोरामा बन्द गरी आफ्नो लाहाछाप लगाउनु पर्नेछ । उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत त्यस्तो खाम, थैलो वा बोरामा आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रोकिएको मतगणनाको काम यथाशक्य पुनः प्रारम्भ गर्नु पर्नेछ । यसरी मतगणना पुनः प्रारम्भ हुने सूचना सो स्थानमा उपस्थित उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई दिनु पर्नेछ र मतगणना गर्ने स्थानमा समेत प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

५०. मतगणना पूरा हुनुअघि मतपत्र नोक्सान भएमा : (१) मतगणना पूरा हुनुभन्दा पहिले कुनै मतदान केन्द्रमा प्रयोग गरिएको मतपत्र, मतपत्र रहेको मतपेटिका वा मतदानको लागि राखिएको विद्युतीय उपकरण निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी तवरले अन्यत्र लगिएमा, खोलिएमा, नोक्सान गरिएमा वा तोडफोड गरिएमा, हराएमा वा दुर्घटनावश नोक्सान भएमा निर्वाचन अधिकृतले मतगणनाको काम स्थगित गरी सो कुराको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा कुनै जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(३) आयोगले उपदफा (१) बमोजिमको प्रतिवेदन वा उपदफा (२) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतपत्र वा मतपेटिका निर्वाचन अधिकृतको नियन्त्रणबाट गैरकानूनी रुपमा अन्यत्र लगिएको, खोलिएको, नोक्सान

गरिएको, तोडफोड गरिएको, हराएको वा दुर्घटनावश नोक्सान भएको र सोको कारण मतगणना सुचारु गर्न नसकिने ठहऱ्याएमा त्यस्तो कार्यबाट असर परेका मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(४) आयोगबाट उपदफा (३) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुन: मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना मतदान केन्द्रमा तुरुन्त प्रकाशन गर्नु पर्नेछ ।

५१. मतगणना स्थलको अनधिकृत कब्जा : (१) देहायका अवस्थामा मतगणना स्थलको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी, डर त्रास देखाई वा धम्की दिई मतगणना स्थललाई आफ्नो कब्जामा लिई मतगणनाको कार्यमा प्रभाव पारेमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतगणना कार्यमा खटिएको निर्वाचन अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा, निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका, मतदानको लागि प्रयोग भएको विद्युतीय उपकरण वा मतगणना सम्बन्धी अन्य सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतगणनाको कार्य निष्पक्ष तथा स्वतन्त्र रुपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा,

(ग) मतगणनाको कार्यमा संलग्न रहेको कुनै व्यक्तिले खण्ड (क) वा (ख) बमोजिमको कार्य गरेमा, त्यस्तो कार्य गर्न सहयोग पुऱ्याएमा वा अनुमति दिएमा ।

(२) उपदफा (१) बमोजिम मतगणनास्थलको अनधिकृत कब्जा भएमा निर्वाचन अधिकृतले मतगणनाको कार्य तत्काल स्थगित गरी त्यसको प्रतिवेदन आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले त्यस्तो घटनाको सम्बन्धमा जाँचबुझ गर्नु पर्ने ठहऱ्याएमा आयोगको आयुक्त वा अनुगमन टोली खटाई जाँचबुझ गराउन सक्नेछ ।

(४) आयोगले उपदफा (२) बमोजिमको प्रतिवेदनको आधारमा वा उपदफा (३) बमोजिम जाँचबुझ गर्न खटाइएको आयुक्त वा अनुगमन टोलीको प्रतिवेदनको आधारमा त्यस्तो मतगणनास्थल उपदफा (१) बमोजिम अनधिकृत तवरले कब्जा भएको ठहऱ्याएमा त्यसरी कब्जाबाट असर परेको मतदान केन्द्रको सम्पूर्ण मतपत्र अवैध घोषित गरी मतदान रद्द गर्नेछ ।

(५) आयोगबाट उपदफा (४) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुन: मतदान हुने स्थान, मिति र समय तोकी सोको सूचना तुरुन्त मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

५२. मतपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) औँठाछाप लगाई वा दफा ३५ को उपदफा (३) बमोजिमको छाप वा चिन्ह बाहेक अन्य छाप वा चिन्ह लगाई मत सङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केत नगरी अन्यत्र मत सङ्केत गरिएको,

(ङ) एकभन्दा बढी उम्मेदवारको नाम रहेको कोठामा छुट्टाछुट्टै मत सङ्केत गरिएको,

(च) एकभन्दा बढी उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केतको चिन्ह पर्ने गरी मत सङ्केत गरिएको,

(छ) मत सङ्केत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(ज) कुनै पनि उम्मेदवारको नाम रहेको कोठामा मत सङ्केत नगरिएको,

(झ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ञ) मतपेटिकाभन्दा बाहिर राखिएको,

(ट) जाली मतपत्र,

(ठ) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

५३. दोहोर्‍याई मतगणना : (१) कुनै मतदान केन्द्रको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोर्‍याई मतगणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित लिखित निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा निर्वाचन अधिकृतले सो निवेदन तत्कालै दर्ता गरी दोहोर्‍याई मतगणना गर्नु पर्ने देखिएमा दोहोर्‍याई मतगणना गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्वाचन अधिकृतले दोहोर्‍याई मतगणना गर्नु नपर्ने भएमा सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित रहेका निज उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले सो निर्णयको सूचना दिनु पर्नेछ ।

५४. मतभार : निर्वाचक मण्डलमा रहने सदस्यको मतभार अनुसूची बमोजिम हुनेछ ।

५५. निर्वाचन परिणामको घोषणा : (१) दफा ४७ को उपदफा (३) बमोजिम प्रत्येक उम्मेदवारले प्राप्त गरेको मतलाई दफा ५४ बमोजिम कायम भएको मतभारले गुणन गरी आएको सङ्ख्यालाई त्यस्तो उम्मेदवारले पाएको कुल मत मानिनेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको कूल मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

५६. पुन: मतदान गराउने : (१) दफा ५५ को उपदफा (२) बमोजिम कुनै उम्मेदवारले प्राप्त गरेको मत निर्वाचक मण्डलको तत्काल कायम रहेको कुल मतको बहुमत नभएमा सबैभन्दा बढी मत प्राप्त गर्ने दुई जना उम्मेदवारहरूबीच मतदान हुने गरी निर्वाचन अधिकृतले मतदानको मिति तोकी पुन: निर्वाचन गराउनेछ ।

(२) उपदफा (१) बमोजिम भएको मतदानमा कुनै उम्मेदवारले प्राप्त गरेको मत कुल मतको पचास प्रतिशतभन्दा बढी भएमा निर्वाचन अधिकृतले त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

(३) उपदफा (२) बमोजिम भएको निर्वाचनमा कुनै उम्मेदवारले कुल मतको पचास प्रतिशतभन्दा बढी मत प्राप्त नगरेमा पुन: मतदान हुने गरी निर्वाचन अधिकृतले मतदानको मिति तोकी पुन: निर्वाचन गराउनेछ ।

(४) उपदफा (३) बमोजिम भएको मतदानमा खसेको कूल सदर मतको बढी मत प्राप्त गर्ने उम्मेदवारलाई निर्वाचन अधिकृतले निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

५७. मत बराबर भएमा : यस ऐन बमोजिम भएको निर्वाचनमा दुई वा सोभन्दा बढी उम्मेदवारको मत बराबर भएमा निर्वाचन अधिकृतले त्यस्ता उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नेछ र सो निर्णय बमोजिम छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ ।

५८. निर्वाचन परिणामको प्रकाशन : (१) दफा ५५ वा ५६ बमोजिम मतगणनाको कार्य सम्पन्न भएपछि निर्वाचन अधिकृतले निर्वाचन परिणाम प्रकाशन गरी त्यस्तो परिणाम तालिकाको एक प्रति तुरुन्त आयोगमा पठाउनु पर्नेछ ।

(२) निर्वाचनको परिणाम प्रकाशन गरिसकेपछि निर्वाचन अधिकृतले निर्वाचन सम्बन्धी तोकिए बमोजिमको विवरण सहितको प्रतिवेदन तयार गरी आयोगमा यथाशिघ्र पठाउनु पर्नेछ ।

(३) राष्ट्रपति वा उपराष्ट्रपति पदमा निर्वाचित भएको उम्मेदवारलाई आयोगले तोकिए बमोजिमको प्रमाणपत्र दिनेछ ।

५९. निर्वाचित मिति : यस ऐन बमोजिम भएको निर्वाचनको सम्बन्धमा निर्वाचन अधिकृतले दफा ५८ बमोजिम निर्वाचनको परिणाम प्रकाशन गरेको मितिलाई सम्बन्धित उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ ।

६०. निर्वाचन परिणामको विवरण पठाउने : आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा भएको तीन दिनभित्र सोको विवरण राष्ट्रपतिको कार्यालयमा पठाउनु पर्नेछ ।

## परिच्छेद-८

## विविध

६१. निविदा मतपत्र सम्बन्धी व्यवस्था : (१) कसैले अर्को मतदाताको नामबाट मतपत्र लिइसकेको वा मतदान गरिसकेको र पछिबाट मतदान गर्न आउने व्यक्ति नै वास्तविक मतदाता हो भन्ने कुरा निजले पेश गरेको प्रमाणबाट देखिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई निविदा मतपत्र दिनेछ । यसरी निविदा मतपत्र दिएकोमा त्यस्तो मतपत्रमा मतदाताले आफ्नो मत सङ्केत गरिसकेपछि त्यस्तो मतपत्र मतपेटिकामा नहाली त्यसको प्रयोजनको लागि राखिएको छुट्टै खाममा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निविदा मतपत्र दिने, राख्ने र तत्सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(३) यस ऐन बमोजिम मतगणना गर्दा उपदफा (१) बमोजिम छुट्टै खाममा राखिएका निविदा मतपत्रहरू त्यस समयमा गणना गरिने छैन । निर्वाचन सम्बन्धी उजुरी पर्न आई त्यस्तो उजुरीको निर्णय गर्नको लागि आवश्यक पर्ने भनी ठहर गरेमा अदालतले त्यस्तो निविदा मतपत्रहरू समेत गणना गर्न सक्नेछ ।

६२. निर्वाचन प्रचार-प्रसार खर्च : (१) निर्वाचनमा उम्मेदवारले खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकिदिए बमोजिम हुनेछ ।

कानून तथा संसदीय मामिला मन्त्रालय

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनमा भएको सम्पूर्ण खर्चको विवरण तोकिएको ढाँचामा तोकिए बमोजिम राख्नु पर्नेछ ।

स्पष्टीकरण : यस उपदफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले उम्मेदवारको मनोनयनपत्र दर्ता भएको मितिदेखि त्यस्तो निर्वाचनको परिणाम घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ ।

(३) कुनै उम्मेदवारले निर्वाचनमा गरेको जम्मा खर्च उपदफा (१) बमोजिम तोकिएको खर्चको रकमको हदभन्दा बढी हुनु हुँदैन ।

(४) उपदफा (२) बमोजिमको निर्वाचन खर्चको विवरण, उम्मेदवार वा निजका प्रतिनिधिले निर्वाचन परिणाम घोषणा भएको मितिले तीस दिनभित्र आयोगले तोकेको कार्यालय समक्ष पेश गर्नु पर्नेछ । यसरी प्राप्त भएको खर्चको विवरण सम्बन्धित कार्यालयले आयोगमा पठाउनु पर्नेछ ।

(५) यस दफा बमोजिम निर्वाचन प्रचार प्रसार खर्चको विवरण तोकिएको समयभित्र नबुझाउने उम्मेदवारलाई आयोगले निर्वाचन आयोग सम्बन्धी प्रचलित सङ्घीय कानून बमोजिम जरिबाना गर्न सक्नेछ ।

६३. निर्वाचन सम्बन्धी कागजात वा अभिलेखको गोप्यता : (१) निर्वाचनमा प्रयोग भएको कागजात वा विद्युतीय उपकरणबाट मतदान भएकोमा त्यस्तो अभिलेखमध्ये मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेरी मतगणनाको काम समाप्त भएपछि सिलबन्दी गरी तोकिएको अधिकारीको जिम्मामा राखिनेछ ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भई रहेको मतपत्रको अर्धकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर भएको मतपत्र राखिएको सिलबन्दी खाम, थैलो, बोरा वा अभिलेख प्रचलित कानून बमोजिम परेको उजुरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले खोली हेरिसकेपछि अदालतले ती कागजात वा अभिलेख यथारूपमा सिलबन्दी गरी राख्नु पर्नेछ । अदालत बाहेक अन्य कुनै अधिकारी वा निकायलाई त्यस्तो बन्दी खाम, थैलो वा बोरा खोली हेर्ने अधिकार हुने छैन ।

(४) यस दफामा उल्लिखित कागजात वा अभिलेख मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजुरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महिनासम्म सुरक्षित राख्नु पर्नेछ ।

६४. गोप्यता भङ्ग गर्न नहुने : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि, मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले सङ्केत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकट गर्न वा प्रकाशन गर्न समेत हुँदैन ।

(२) यो ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत चलेको कानूनी कारबाहीमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन ।

६५. आदेश जारी गर्ने र निर्देशन दिने : (१) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियममा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा

रही आयोगले आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) आयोगले निर्वाचन सञ्चालनको लागि निर्वाचनको काममा खटिएका कर्मचारीलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(३) यस दफा बमोजिम आयोगले जारी गरेको आदेश र निर्देशन पालना गर्नु नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, सरकारी कार्यालय तथा निकाय, सरकारी, अर्धसरकारी तथा गैरसरकारी संस्था तथा निकाय, राजनीतिक दल, उम्मेदवार, निजको प्रतिनिधि, निर्वाचन सम्बन्धी काम कारबाहीको प्रचार प्रसार गर्ने व्यक्ति तथा निर्वाचनको काममा खटिएका कर्मचारी समेतको कर्तव्य हुनेछ ।

६६. मद्दत लिन सक्ने : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा खटाएको अनुगमन टोली, पर्यवेक्षक वा अन्य कुनै अधिकृतले निर्वाचनको कामको सिलसिलामा कुनै पनि सरकारी वा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मद्दत मागिएमा आवश्यक मद्दत पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

६७. कारबाही गर्न सक्ने : कुनै निर्वाचन अधिकृतले संविधान, कानून, निर्देशिका, कार्यविधि र आयोगले दिएको निर्देशन विपरीत कार्य गरेमा आयोगले त्यस्तो निर्वाचन अधिकृतको नियुक्ति बदर गरी अर्को निर्वाचन अधिकृत नियुक्त गर्न वा विभागीय कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउन सक्नेछ ।

६८. नियम बनाउने अधिकार : आयोगले यो ऐन कार्यान्वयनको लागि आवश्यक नियम बनाउन सक्नेछ ।

६९. निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने : आयोगले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आवश्यक निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय

## अनुसूची

(दफा ५४ सँग सम्बन्धित)

**सङ्घीय संसद र प्रदेश सभाका सदस्यको मतभार**

१. सङ्घीय संसदका सदस्यको मतभार :-

(कुल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना / सङ्घीय संसदका सदस्यको कुल सङ्ख्या) ÷ १०००

उदाहरणार्थ : संवत् २०६८ को जनगणना अनुसारको कुल जनसङ्ख्याको आधारमा

(२,६४,९४,५०४ / ३३४) ÷ १०००

कायम हुने मतभार : ७९

२. प्रदेश सभाका सदस्यको मतभार :-

(कुल जनसङ्ख्या (पछिल्लो राष्ट्रिय जनगणना अनुसार) / प्रदेश सभा सदस्यको कुल सङ्ख्या) ÷ १०००

उदाहरणार्थ : संवत् २०६८ को जनगणना अनुसारको कुल जनसङ्ख्याको आधारमा

(२,६४,९४,५०४ / ५५०) ÷ १०००

कायम हुने मतभार : ४८

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय